आज मिति २०८३ साल श्रावण महिनाको १४ गते बिहानको ठीक ०८ :०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११५ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वरनाथ चौधरी

[illegible]

**मिति २०८३।०४।१४ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११५औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु**

१. रिपोर्टिङ्ग सम्बन्धमा ।

२. विज्ञापन सम्बन्धमा ।

३. आय ठेक्का सम्बन्धमा ।

४. संगठन तथा सर्वेक्षण सम्बन्धमा ।

५. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

६. सेवा सुविधा सम्बन्धमा ।

७. विविध ।

**मिति २०८३।०४।१४ गते बसेको निस्दी गाउँपालिकाको ११५ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु**

१. सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२.यस आ.व.२०८३।०८४ मा स्वास्थ्य शाखा अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा दरबन्दी बमोजिम देहायका पदहरु रिक्त भएकोले सो रिक्त पद पूर्तिका लागि विज्ञापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

| पद | रिक्त संख्या |
|---|---|
| अ.न.मी./सहायक चौथो | १ |
| अ.हे.व./सहायक चौथो | २ |

३.यस आ.व.२०८३।०८४ को लागि निस्दी गाउँपालिका वडा नं.१ अन्तर्गतको २०३१७.४४ घन मिटरको परिमाण भएको भोटाहामा रहेको डम्पिङ नदिजन्य पदार्थको आय ठेक्का खोल्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड,२०८२ बमोजिम यस निस्दी गाउँपालिका गाउँ कार्यपालिका र अन्तर्गतका संस्थाहरुमा दरबन्दी बमोजिमको कर्मचारी व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई पूर्वस्वीकृती दिने र सो को लागि आवश्यक देहाय बमोजिमको सर्वेक्षण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक - प्र.प्र.अ.श्री पूर्ण बहादुर चितौरे

सदस्य - आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

सदस्य सचिव - कर्मचारी प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

५.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका संस्थाहरुमा देहाय बमोजिम जिम्मेवारी थप गर्ने साथै कामकाज तोक्ने गरी कर्मचारी व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| नामथर | पद | तोकिएको कार्यालय | कैफियत |
|---|---|---|---|
| कृषि तर्फ | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| विनोद बश्याल | कृषि स्नातक /छैठौं | १ नं. वडा कार्यालय | जिम्मेवारी थप गरिएको |
| त्रिमला पाटा | ना.प्रा.स./स.चौथो | २ नं. वडा कार्यालय | जिम्मेवारी थप गरिएको |
| नविना सारु | ना.प्रा.स./स.चौथो | ५ नं. वडा कार्यालय | जिम्मेवारी थप गरिएको |
| पशु तर्फ | | | |
| ओम बहादुर मस्राङ्गी | स.प.वि.अ. | ७ नं. वडा कार्यालय | जिम्मेवारी थप गरिएको |
| सुरज चौधरी | स.प.से.प्रा./स.चौथो | ३ नं. वडा कार्यालय | वडा सचिवको समेत जिम्मेवारी थप गरिएको |
| रेशा सुनारी | स.प.से.प्रा./स.चौथो | ४ नं. वडा कार्यालय | वडा सचिवको समेत जिम्मेवारी थप गरिएको |
| मनवीर नेपाली | स.प.से.प्रा./स.चौथो | ६ नं. वडा कार्यालय | कृषि प्राविधिकको समेत जिम्मेवारी थप गरिएको |
| स्वास्थय तर्फ | | | |
| यालिन्द्र सारु | अ.हे.व./चौथो | दुनिदमार सा.स्वा.ई. | कामकाज तोकिएको |
| नितेश कुमार यादव | अ.हे.व./चौथो | क्षेत्रीखरक सा.स्वा.ई. | कामकाज तोकिएको |
| मन कुमारी सारु | अ.न.मी./चौथो | ज्यामिरे स्वा.चौ. | कामकाज तोकिएको |
| सिमा कुमारी यादव | अ.न.मी./चौथो | बाकामलाङ्ग स्वा.चौ. | कामकाज तोकिएको |

६.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि देहाय बमोजिम यस आ.व.२०८३।०८४ मा लागु हुने गरी सेवा सुविधा थप गर्ने र सो उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

- गाउँपालिका अन्तर्गतका अस्थायी करार, ज्यालादारी र विभिन्न कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुको मासिक तलबमा १० प्रतिशत वृद्धि गर्ने साथै अस्थायी करार र कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुलाई स्थायी कर्मचारी सरह मंहगी भत्ता उपलब्ध गराउने ।
- आयुर्वेद शाखामा कार्यरत कार्यालय सहयोगी गम बहादुर गाहालाई गाउँ कार्यपालिकाको कार्यालयमा दरबन्दी कायम हुने गरी सोही बमोजिम तलब भत्ता उपलब्ध गराउने ।

-प्रत्येक वडा कार्यालयमा उपलब्ध गराईने मासिक२५ लि.ईन्धनमा वडा प्राविधिकलाई १५ लि. र वडा कार्यालय प्रयोजनको लागि वडा सचिवको नाममा १० लि.उपलब्ध गराउने साथै फिल्ड जाने प्राविधिकको हकमा र शाखा प्रमुखको हकमा मासिक १५ लि.ईन्धन उपलब्ध गराउने र सवारी साधन

मर्मत वापत वार्षिक १५ हजार सम्मको खर्च उपलब्ध गराउने साथै सो भन्दा धेरै खर्च भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुने ।

७.देहायका विविध विषयहरुमा छलफल गरी देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो ।

क.गाउँ कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालय मार्फत संकलन भएका आन्तरिक आय वापतको राजस्व हरेक हप्ता पश्चात अनिवार्य बैंक दाखिला गर्ने सर्वसम्मत निर्णय गरियो ।